आज मिति २०७९। ०३। ०८ गते बिहान ७:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा वसेको नगर कार्यपालिकाको बैठकमा देहायका कार्यपालिका सदस्यज्यू हरुको उपस्थिति रहेको छ ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं. १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँबर | |
| ४ | वडा नं. २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं. ३ वडा अध्यक्ष | चुल बहादुर कुँबर | |
| ६ | वडा नं. ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं. ५ वडा अध्यक्ष | खिल ब. राना | |
| ८ | वडा नं. ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप) | |
| ९ | वडा नं. ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं. ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं. ९ वडा अध्यक्ष | कुल ब. कुँबर | |
| १२ | वडा नं. १० वडा अध्यक्ष | प्रदिप कुंबर | |
| १३ | वडा नं. ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं. १२ वडा अध्यक्ष | डिल ब. थापा मगर | |
| १५ | वडा नं. १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं. १४ वडा अध्यक्ष | गोपाल वहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा ~~मगर~~ पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली (रेग्मी) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सीता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क. | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम वहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री ~~दिनेश राज पन्त~~ ज्ञाननाथ ढकाल | |
| | अन्य उपस्थिति | | |
| १ | चेत प्रसाद अधिकारी | (इन्जिनियर) | |
| २ | शोभा पवारी | | |
| ३ | | | |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner

## सम्बत् २०७९ साल असार ८ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-

प्रस्तावहरु:-

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. आर्थिक विधेयक २०७८ सम्बन्धमा ।
४. विनियोजन विधेयक २०७८ सम्बन्धमा ।
५. आ.व. २०७८/०७९ को वडास्तरीय योजना सम्बन्धमा ।
६. आ.व. २०७७/०७८ का सम्पूर्ण कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. आ.व. २०७७/०७८ मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई फरफारक गरी अनुमोदन गराउने सम्बन्धमा ।
८. योजना परिवर्तन सम्बन्धी अधिकार प्रत्यायोजन सम्बन्धमा ।
९.वडा न. १३ र १४ को वडा कार्यालय भवनको जग्गा सम्बन्धमा ।
१०. स्थायी कर्मचारीहरुको आ.व. २०७८/०७९ को तलबी प्रतिवेदन सम्बन्धमा ।
११. प्रोत्साहन भत्ता सम्बन्धमा ।
१२. न्यायिक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
१३.न.पा.वाट निर्माण भएका क्षमता विकास योजना र जे.सी.रणनीति कार्यान्वयन गर्ने सम्बन्धमा ।
१४.लेखा समिति गठन सम्बन्धमा ।
१५.विधायन समिति गठन सम्बन्धमा ।
१६.न्यायिक समिति गठन सम्बन्धमा ।
१७.नगर सभाको कार्यसुची सम्बन्धमा ।
१८.लगत सहभागिता सम्बन्धमा ।
१९.देउराली स्वास्थ्य चौकीको लगत सहभागिता सम्बन्धमा ।
२०.रकमान्तर सम्बन्धमा ।
२१.गो.न.पा.४ रन्जित श्रीमहलको घर अगाडिको पहीरो सम्बन्धमा ।
२२. गो.न.पा.४ दारिमडाडा ज्यादुल सडक मर्मत सम्बन्धमा ।
२३.स्वारा खोप केन्द सम्बन्धमा ।
२४.गो.न.पा.८ कटंटेल चेक देखि कटरवारी सम्मको वाटो गावेल सम्बन्धमा ।
२५.गो.न.पा.वडा न. ६ को चालिसे चोकवाट धनवासे खण्ड सम्मको ढलान सम्बन्धमा ।
२६.विविध

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

सम्वत २०७९ साल असार ८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:-

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका वैठकवाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे समिक्षा गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा,यस नगरपालिकाका नगर प्रमुखज्यूले नगरसभामा पेश गर्नुहुने आ.व. २०७९/०८० को तपसिलको नीति तथा कार्यक्रम स्वीकृत गरी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल:-

**गोरखा नगरपालिका, गोरखाको दशौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम**

नगरसभा सदस्य ज्यूहरु,

यस ऐतिहासिक गोरखा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सम्मानित दशौं नगर सभामा प्रस्तुत गर्न चाहन्छु ।

नेपाली जनताको निकै लामो समय सम्मको त्याग, तपस्या, संघर्ष, तथा वलिदानबाट देशले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरी धर्म निरपेक्षता, समानुपातिक, समावेशीता र सामाजिक न्याय सहितको राजनीतिक व्यवस्था स्थापित भएको छ । नेपाल र नेपाली जनतालाई सार्वभौम र अधिकार सम्पन्न बनाउनको निम्ति विभिन्न समयमा ऐतिहासिक संघर्षहरु, जनआन्दोलनहरुमा वलिदान गर्नु हुने महान सहिदहरु प्रति सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

नेपालको सार्वभौमिकता र अखण्डतालाई कायम राख्दै नेपाली समाज परिवर्तन, निर्माण र समुन्नत गर्ने अग्रजहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक एवं जातीय तथा भौगोलिक विविधताले भरिपूर्ण यस गोरखा नगरपालिकाको सम्पूर्ण उत्पिडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको हकहित र अधिकारको रक्षा र विकासको नीति कार्यान्वयन गर्ने कुरा कम चुनौतिपूर्ण छैन । नगरपालिकाको भौगोलिक अवस्थिति, विकासको न्यूनतम पूर्वाधार निर्माण, नागरिकहरुको बढ्दो अपेक्षालाई पूरा गर्दै जानको लागि उपलव्ध श्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतिपूर्ण रहदा रहदै पनि सम्पूर्ण व्यापारी, बुद्धिजीवी, व्यवसायी, मजदुर, किसान, विज्ञ, प्राविधिक, पत्रकार लगायत सवै पक्षको सहयोग, सद्भाव, सुझाव सल्लाहबाट विकास र समृद्धिको उत्कट चाहनालाई क्रमवद्ध र चरणवद्ध रुपमा पूरा गर्दै जान सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

गोरखा नगरपालिकाको समग्र विकास र समृद्धि हाँसिल गर्न समान अवसर, नागरिक अधिकार र सुरक्षाको अनुभूति गराउँदै स्वास्थ्य र सुखी नागरिक, स्वच्छ, सुन्दर र समुन्नत नगरपालिका निर्माणको अभियानलाई अनुभूत हुने र देखिने गरी सार्थक बनाउन हामी निरन्तर प्रयत्न गर्नेछौ । गोरखा नगरपालिका ऐतिहासिक, धार्मिक सामाजिक, सांस्कृतिक दृष्टिकोणले गुरु गोरखानाथ गुफा, कालिका मन्दिर, ऐतिहासिक गोरखा दरवार, पृथ्वीनारायण शाहवाट गोरखा राज्य विस्तार अभियानको थालनी भएको ऐतिहासिक थलो, राजा राम शाहद्वारा "न्याय नपाए गोरखा जानु भन्ने" स्थापित मान्यताको थलो, भिमसेन थापा, विसे नगर्ची जस्ता महत्वपूर्ण र ऐतिहासिक व्यक्तित्वहरुको कर्मभूमि, तल्लोकोट, उपल्लोकोट, माझकोट, वुढीकोटी, अकला, विन्दावासिनी, पश्चिमकाली, रानीवन लगायतका धार्मिक सांस्कृतिक केन्द्रहरुले साथै वहादुर वीर गोरखालीहरुको नामले परिचित गोरखा दरौंदी, मरुयाङदी नदी, टार, वेशी र मध्यपहाडी श्रृङखलादेखि मनासलु हिमश्रृङखला सम्मको सुन्दर प्राकृतिक छटाले भरिपूर्ण गोरखा, "**सुन्दर समृद्ध गोरखा नगरपालिका विकासको द्वार, कृषि पर्यटन र घरेलु उद्योग यसको मूल आधार**" को नारालाई आधार मानी दीर्घकालिन गुरुयोजना तय गरी गोरखा नगरपालिका विकासको समग्र योजना तथा कार्यक्रमहरु सन्तुलित रुपमा सीमित श्रोत र साधनलाई अधिकतम रुपमा परिचालन गर्दै अघि बढ्नु पर्ने कुरामा दुई मत छैन ।

यस भन्दा अघि भएका विकास र पूर्वाधारहरुको स्वामित्व ग्रहण गर्दै, पूरा हुन नसकेका योजनाहरु पूरा गर्दै जाने, चालु आर्थिक वर्षमा भैरहेको विभिन्न योजनाहरु पूरा गर्ने नियमित र क्रमिक रुपमा अघि बढेका कार्यहरुलाई निरन्तरता दिदै जाने जिम्मेवारी पनि हाम्रो सामु छदैछ । त्यसका साथै थप भौतिक पूर्वाधारको निर्माण, शैक्षिक, सामाजिक, सांस्कृतिक समस्याहरु समाधान गर्ने मुख्य चुनौति समेत रहेको छ ।

"**स्वस्थ नगरबासी स्वच्छ नगरपालिका**" को अवधारणालाई पूरा गर्नको लागि स्थानीय सरकारको रुपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित हामी जनप्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रो एक मात्र स्वार्थ सुन्दर समृद्ध गोरखा नगरपालिकाको निर्माण हो । यस अवस्थामा हामीले रोजगारी र आयआर्जनका अवसर वृद्धि गर्न पर्यटन प्रवद्र्धन, कृषि र पशुपालनमा व्यवसायीकरण संरक्षण र विकास, सहकारी प्रवर्धन, घरेलु उद्योग र अन्य उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सवै वर्ग, क्षेत्रका समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तन र परिणाममुखी विकास सम्भव हुने देखिन्छ । त्यस कारण समस्त उद्योगी, व्यवसायी, शिक्षक, वुद्धीजीवी, राजनैतिक दलका नेता कार्यकर्ता, नागरिक समाज, पत्रकार, कर्मचारी, सरकारी तथा गैर सरकारी निकायहरु, स्थानीय समुदाय, संघ–संस्था, महिला समूह, टोल विकास संस्था, युवा, विद्यार्थी, विभिन्न गुठी, समूह एवं सम्पूर्ण नगरवासीहरुमा सहयोग, सद्भाव, सुझाव, सल्लाह अपनत्व र आत्मियता प्रदान गरिदिनु हुन हार्दिक अपिल गर्दछौ ।

सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न सार्वजनिक, निजी र सहकारीसँग हातेमालो गर्दै अगाडि वढ्ने नीति लिइनेछ । निर्यातमुखी तथा रोजगारी प्रवर्धन हुने खालको योजनामा केन्द्रित भई सवै प्रकारको उपलब्ध श्रोत साधनको दिगो व्यवस्थापनवाट उत्पादन र उत्पादकत्वमा वृद्धी गरी सवै क्षेत्रका न्यूनता र अभावलाई क्रमश: घटाउँदै लगिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

समस्त नगरवासीको जीवनस्तरमा सुधार ल्याउने आर्थिक, सामाजिक, भौतिक, वातावरणीय एवं मनोवैज्ञानिक विकास र संरक्षण गर्दै दिगो विकास लक्ष्य प्राप्तिको लागि तिव्र विकासको आधारशीलालाई मध्यनजर गरी यो नीति तथा कार्यक्रम तय गरिएको छ ।

नगरपालिका भित्रका उत्पिडित वर्ग, जनजाति, क्षेत्र, लिङ्ग र समुदायको समग्र हकहित र अधिकारको रक्षा तथा कार्यान्वयन गर्दै आत्मनिर्भर सुखी नगरवासी समृद्ध नागरिक एवं समुन्नत गोरखालाई स्थापित गर्नु हामी सबैको साझा दायित्व हुनेछ । असिमित आवश्यकतालाई सीमित श्रोत र साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिइनेछ । प्राकृतिक सुन्दरता, सांस्कृतिक र ऐतिहासिक सभ्यता गोरखा नगरपालिकाको साझा सम्पत्ति हुन् । यी सबै विषयलाई आत्मासाथ गरी सामाजिक एवं सांस्कृतिक समानता र सहिष्णुतामा एकतावद्ध हुँदै सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने गोरखा नगरपालिकाले नीति लिएको छ । योजना तर्जुमाको क्रममा वस्ती/टोल, वडागत र विषयगत समितिहरुको व्यापक छलफल साथै विभिन्न राजनीतिक दल, शिक्षक, वुद्धीजीवी, समाजसेवी, कर्मचारी, उद्योगी, व्यापारी लगायत सम्पूर्ण तह र तप्कावाट प्राप्त हुन आएको सल्लाह सुझाव प्राप्त भएका मार्गदर्शनका आधारमा तयार पारिएको यो नीति तथां कार्यक्रमले अपेक्षा गरेको लक्षित उद्देश्य हाँसिल गर्न सबै पक्ष र तहबाट पर्याप्त सहयोग पुग्ने विश्वास लिएको छु ।

नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझाव प्रदान गर्नु हुने विभिन्न राजनीतिक दलका नेताहरु, समाजसेवी, वुद्धीजीवी, उद्योगी व्यापारी, व्यवसायी, निर्वाचित नगरसभाका सम्पूर्ण प्रतिनिधि, कर्मचारी सवैमा यस नीति तथा कार्यक्रम सफल गराउन सहयोग पुर्‍याउनु हुनेछ भन्ने विश्वास लिएको छु । यहाँहरुको सल्लाह, सुझाव, सहयोग, हौसला र समन्वयात्मक भूमिकाले मात्र समृद्ध र सुन्दर गोरखा नगरपालिका निर्माण हुन सक्ने कुरामा हामी दृढ विश्वास गर्दछौं ।

## आ.व. २०७९/०८० को क्षेत्रगत नीति तथा कार्यक्रहरु:

### १. कृषि, पशुपंक्षी तथा सहकारी विकास नीति

- "कृषि निर्वाहमुखी होइन व्यवसायिक कृषिमा जोड गरौं आत्मनिर्भर अर्थतन्त्रको विकास गरौं" भन्ने नारालाई सार्थक तुल्याउन व्यवसायिक कृषिलाई प्रोत्साहन गरिनेछ ।
- एक वडा एक विशेष उत्पादन, एक टोल एक विशेष पहिचानको नीति लागु गरिनेछ ।
- व्यवसायिक कृषि उत्पादन र बजारीकरणको व्यवस्थापनको लागि विशेष प्राथमिकता दिइनेछ ।
- कृषि उपजको न्यूनतम मुल्य निर्धारण गरी कृषि बजारीकरण तथा ढुवानीको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा कृषि तथा पशु पालन पकेट क्षेत्र घोषणा गरी व्याज अनुदान, किसान प्रोत्साहन तथा विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- सुत्केरी गाई भैसीको लागि सुत्केरी प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- स्थानीय उत्पादनलाई बढवा दिन नगरस्तरिय कृषि हाटबजार तथा संकलन केन्द्रहरु, चिस्यान केन्द्रहरु स्थापना गरिनेछ । कृषि हाट बजारसम्मको लागि ढुवानी अनुदानको व्यवस्था गरिनेछ
- कृषि तथा पशुपक्षी विकास र प्रवर्धनको लागि मल, विउ तथा प्रविधिमा विशेष अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुविधा सम्पन्न शीत भण्डार निर्माणको लागि प्रक्रिया थालनी गरिनेछ ।
- वंगुर, सुँगुर पालन कृषक तथा कृषि फर्मलाई अनुदानको व्यवस्था गरिनेछ ।
- पशु वधशाला तथा स्टोर हाउस स्थापना गर्न अनुदानको व्यवस्था गरिनेछ।
- दुग्ध सहकारी स्थापनाको लागि विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय श्रम तथा सीपको अधिकतम प्रयोग गरिनेछ ।
- निजी सहकारी क्षेत्रसँगको सहकार्यमा दुग्ध डेरी स्थापना गरिनेछ ।
- कृषि तथा पशुपक्षी क्षति राहतकोष स्थापना गरिनेछ, साथै कृषि तथा पशु विमा कार्यक्रमलाई महत्वका साथ लागु गरिनेछ ।
- दरौंदी नदी आसपासको क्षेत्रमा मत्स्य पकेट ब्लक तथा जोन कार्यक्रम लागु गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय र जिल्ला भित्रका उत्पादनबाट आत्मनिर्भर भएको कृषि उपजको नगर क्षेत्र भित्र आयातमा निरुत्साहित गरिनेछ ।
- कृषि वाली, तरकारीको पकेट क्षेत्रका सबै टार र वेसीहरुमा बोरिङ, पम्पिङ, वा अन्य सिंचाइको योजनाहरु सञ्चालन गरिनेछ ।
- खेती योग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- कृषियोग्य जमिनमा विद्युतको पहुँच पुर्‍याई व्यवसायिकताको प्रवर्धन गरिनेछ ।
- दिगो कृषि विकासको लागि आवश्यक नीति, ऐन, नियमहरु तर्जुमा संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुका साथै कृषक मैत्री नीति निर्माणमा जोड दिइनेछ ।
- कृषिमा आधारित उद्योगहरु तथा ग्रामिण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गरिनेछ ।
- एक घर एक धारा, एक करेसा वारी योजनालाई निरन्तरता गरिनेछ ।
- सिचाई नहुने क्षेत्रमा वर्षे पानी संकलन गरी नगदे वालीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- व्यवसायिक उत्कृष्ट कृषक/कृषक समूहहरुलाई आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।
- प्राङ्गारिक मल उत्पादनमा किसानलाई उत्प्रेरित गर्ने योजनालाई निरन्तरता दिइनेछ ।
- कृषि तथा फलफूल नर्सरी र टनेल खेतीलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- कृषकहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- स्थानीय जातको पशुहरुको नश्ल सुधार, कृत्रिम गर्भाधान, उन्नत पशु व्याड अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक पशुपालक किसानको लागि खोर तथा गोठ निर्माणमा दिइँदै आएको अनुदानलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- कृषि तथा पशु शिविर क्लिनिक सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि र पशुपालनमा भएको क्षतिको मूल्याङ्कन गरी राहात उपलव्ध गराइनेछ ।
- गोरखा नगरपालिकामा रहेका सबै सहकारीहरुको संस्थागत विकास तथा सहकारी एकीकरण एवं खारेजीको नीतिलाई प्रभावकारी बनाइनेछ ।
- गोरखा नगरपालिका भित्र रहेका सहकारीहरु समेटेर सहकारी दिवस तथा सहकारी सम्मेलनलाई निरन्तरता दिइनेछ ।
- सहकारीको पूँजीलाई उत्पादन मूलक कार्यमा परिचालन गरिनेछ ।
- नगरपालिका भित्रका सहकारीहरुको अनुगमन नियमन गरी शिक्षा, कृषि तथा पशु क्षेत्रमा सहकारीले गरेको लागानीका आधारमा नगरपालिकावाट विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- अति विपन्न परिवारलाई वाखा, वंगुर, सुँगुर पालनमा विशेष टेवा पुर्याइनेछ ।
- ठूलाे लगानीमा निजी तथा व्यवसायिक रुपमा सञ्चालित आधुनिक कृषि फर्महरुको संरचना निर्माणमा प्राविधिक सहयोग पर्याउनुका साथै पूर्वाधार निर्माणमा समेत सहुलियतको व्यवस्था गरिनेछ ।

२. संस्कृति तथा पर्यटन नीति

- **"स्वाभिमानी गोरखाली गोरखाको सान, सुन्दर स्वच्छ समृद्ध गोरखा ऐतिहासिक पहिचान"** भन्ने मूल नाराका साथ पर्यटन गुरुयोजना निर्माण गरी पर्यटन प्रवर्धन गरिनेछ ।
- गोरखा वजारको ठूलो आँगन क्षेत्रमा सम्पदा वस्ती निर्माणको लागि पहल गरिनेछ ।
- गोरखाको तल्लोदरवार, गोरखा संग्राहालयको ठूलो आँगन, रानीपोखरी, माझकोट, गोरखा दरवार, गोरखनाथ गुफा, उपल्लोकोट, तल्लोकोट, भिमसेन थापा पार्क, झाक्री गुफा, विन्ध्यावासिनी मन्दिर, सरस्वती आश्रम, शहिदपार्क, पश्चिमकाली, ताप्लेकोट, गौरीशंकर मन्दिर, भूत्याहा छागो, राधावल्लेश्वर मन्दिर, रानीवन, विरिमकाली, अकला मन्दिर, वुढीकोटी मन्दिर, रामशाह चौतारो, शिखरवेशी ताल, विसे नगर्ची पार्क, स्टोन पार्क, गोरखनाथ पार्क, विरेनडाडा अकला, आमडाडा मन्दिर, दक्षिणकाली मन्दिर, महादेवटारी ठूटेवजार ताल, भगवती थान, पक्षाङ चौतारो, अन्नपूर्ण मन्दिर, शिखर गोरक्ष मन्दिर, रामशाह घाट लगायतका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भौगोलिक क्षेत्रहरुमा पर्यटकीय स्थलहरु निर्माणको लागि योजनावद्ध पूर्वाधारको विकास गरी नमुना पर्यटकीय गन्तव्य नगरको रुपमा स्थापित गर्ने योजनालाई थप व्यवस्थित गरिनेछ ।
- शहीद लखन गाउँपालिकाको सहकार्यमा छोटेलुदी तालको सम्भाव्यता अध्ययन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- खोलखोले-उत्तिस घारीमा ताल बनाउन सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरपालिका भित्रका साना ठूला बजार क्षेत्रहरुमा सबै घरको अगाडि एक घर एक विरुवा लगाउने र अनिवार्य छिटो भन्दा छिटो हुर्काउने कार्यक्रम लागु गरिनेछ ।
- एक वडा एक पार्कको नीतिलाई निरन्तरता दिइनेछ ।
- पस्लाङ होमस्टे, विरिमकाली होमस्टे, दरै गाउँ होमस्टे, धुनुवासे होमस्टे, विरेञ्चोक होमस्टे, वेनीखोला कुमल वस्ती होमस्टेलाई आवश्यक सहयोग पुर्‍याउँदै अरु उपयुक्त वस्तीहरु सातधुरे, गैरी कुवा, वडा नं. १४ को गोर्वुङ, वडा नं. १२ को कुमाल वस्ती, वडा नं. २ को केउरेनी, वडा नं. ३ को वेनीखोला लगायतका गाउँ वस्तीहरुमा समेत होमस्टे तयारीको लागि तालिम तथा पूर्वाधार तयार गरिनेछ ।
- पूरातत्व विभागको समन्वय र सहकार्यमा गोरखा बजारको पदेली स्थित रानी पोखरीमा म्यूजिक सहितको रङ्गीन फोहोरा निर्माण गरिनेछ ।
- नगरपालिकाभित्र हुने चाडपर्व मेला महोत्सवलाई व्यवस्थित मर्यादित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रको पुराना पाटी, पौवा, चौतारा, ढुङ्गेधारा, कुवा, पानी पधेरा, पोखरी आदिको संरक्षण गरिनेछ ।
- भाषिक, धार्मिक र जातीय विविधतालाई ध्यान दिदै उनीहरुको सांस्कृतिक महत्व वोक्ने चुड्का, कौरा, सोरठी, घाटु, भजन, वालन, मारुती नाच, लाखे नाच, धिमे बाजा, पञ्चे वाजा, कर्खा र सारंगी जस्ता गीत तथा नृत्यहरुको संरक्षण गरिनेछ ।
- रानीवन कुहिरेभिर क्षेत्रमा प्राकृतिक "मिनी जु" निमार्ण गर्न पहल गरिनेछ
- नगरपालिका भित्र पर्ने मगर, गुरुङ्ग, तामाङ्ग, नेवार, दलित, ब्राह्मण, क्षेत्री, कुमाल, दरै, वादी, गन्धर्व, कुसुण्डा, भुजेल, ठकुरी, मुस्लिम लगायतका बहुजाति, बहुभाषी, बहुसंस्कृतिको विविधता युक्त जीवनशैलीको संरक्षण तथा प्रवर्धन गर्न सम्भावित स्थानमा बहुसाँस्कृतिक संग्राहलय निर्माण तथा गोरखाको ऐतिहासिकता र वीर गोरखाली झल्कने पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।
- मातृभाषाहरु संरक्षणको लागि भाषिक कक्षाहरु संचालन गरिनेछ ।
- पर्यटकीय प्रवर्धनका लागि स्थान पहिचान गरी हरित चक्रपथ, फुटपाथ तथा कृत्रिम ताल वनाइनेछ ।
- दरौंदी नदीमा साहासिक खेल र्‍याफ्टिङलाई निरन्तरता दिइनेछ ।
- गन्तव्य गोरखालाई मूर्तरुप दिनको लागि पोखरा, लुम्बिनी, सौराहा र ठमेलसँग पर्यटन सञ्जाल गठन गरी पर्यटन प्रर्वद्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनको संकलन एवं बिक्रीका लागि 'Local Mart' स्थापना गर्न महिला दिदी वहिनीहरुको लागि अनुदानको व्यवस्था गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- निजी क्षेत्रको सहकार्य तथा साझेदारीमा स्थानीय स्तरमा उत्पादन भएका कृषि उपज, घरेलु उद्योगबाट उत्पादित सामग्री तथा गोरखाको पहिचान झल्कने सामग्रीहरुको संकलन गरी आन्तरिक तथा वाह्य पर्यटकहरुको लागि सहुलियत दरमा कोशेली उपलब्ध गराउने गरी एक कोशेली घर सञ्चालनमा ल्याइनेछ ।

३. स्वास्थ्य नीति

- आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ । त्यसलाई प्रभावकारी बनाउनको लागि नगरभित्र रहेका स्वास्थ्य संस्थामा नेपाल सरकारबाट तोके बमोजिमको औषधी लगायतका सेवाहरु गुणस्तरीय बनाउदै गोरखा अस्पतालको सहकार्यमा अस्पतालमा आधारभूत स्वास्थ्य सेवा इकाईलाई निरन्तरता दिई विकास गर्दै लगिनेछ ।
- गर्भवतीहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि अन्तिम पटकको जाँचपछि टेलिफोन मार्फत स्वास्थ्य अवस्थाको जानकारी लिने व्यवस्था मिलाइनेछ ।
- अतिविपन्न सुत्केरी महिला तथा नवजात शिशुको लागि ३ महिनासम्म मासिक ५०००।– का दरले शिशु पोषण तथा सुत्केरी स्याहार खर्च उपलब्ध गराइनेछ ।
- हाल नसर्ने रोगको प्रकोप बढ्दो रहेको अवस्थालाई मध्येनजर गरी ४० वर्ष माथिका सम्पूर्ण नगरवासीहरुलाई NCD Screening गरिनेछ ।
- सम्पूर्ण बालबालिकाहरुका लागि पूर्ण खोपको सुनिश्चितता कार्यलाई निरन्तरता दिइनेछ ।
- सम्पूर्ण नगरवासीहरुको Digital Health Record स्वास्थ्य अवस्थाको जानकारी लिने व्यवस्था मिलाउँदै लगिनेछ ।
- नगरभित्र रहेका निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।
- मानसिक स्वास्थ्यको बढ्दो प्रभावलाई कम गर्न जनचेतना अभिबृद्धि गर्न नियमित औषधी प्रयोगकर्ताहरुलाई स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिकहरुलाई घरघरमा चेक जाँच तथा औषधी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- पोषिलो झोला कार्यक्रममा निरन्तरता (चार पटक स्वास्थ्य परीक्षण) दिइनेछ ।
- स्वास्थ्य संस्था मार्फत निशुल्क सेनीटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थासम्म जान र रिफर गरिएको स्थानसम्मका लागि गर्भवती, अतिविपन्न, ज्येष्ठ नागरिक, अपाङ्गलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- गोरखा अस्पताललाई थप प्रभावकारी बनाउन प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- कोरोना तथा अन्य भाइरल रोग रोकथाम तथा नियन्त्रणको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- नगर प्रमुख कल्याणकारी आर्थिक सहायता कार्यक्रम मार्फत विपन्न विरामीहरुलाई आर्थिक सहायता कार्यक्रमको निरन्तरता रहनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- गर्भवती तथा सुत्केरी, अपाङ्ग, अति गरिब, विपन्न परिवारका लागि उद्धार गर्न नगर उपप्रमुख गर्भवती उद्धार कोष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्नुका साथै विपन्न नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्दै लगिनेछ ।
- जेष्ठ नागरिकहरूका लागि विमाबाट प्राप्त हुने औषधी विभिन्न काउन्टरबाट वितरण हुने व्यवस्था मिलाउन पहल गरिनेछ ।
- स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल वस्तीहरुमा आवश्यकता अनुसार गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- टिटि खोप, क्याल्सिएम, फोलिक एसिड निशुल्क वितरण प्रकृयालाई निरन्तरता गरिनेछ ।
- SPT- स्टयाण्डर ट्रिटमेन्ट प्रोटोकल लागु गरिनेछ ।
- विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।
- आवश्यकता पहिचान गरी आधारभूत स्वास्थ्य केन्द्र थप गर्दै लगिनेछ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर निशुल्क जाँच गर्ने व्यवस्था मिलाइने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको यातायात खर्चलाई समय सापेक्ष वनाउँदै लगिनेछ ।
- आयुर्वेद सेवालाई वडा स्तरसम्म विस्तार गर्दै लगिनेछ ।
- कृषकहरुलाई जडिवुटी (आयुर्वेद) खेती र उपयोग तर्फ प्रोत्साहित गरिनेछ ।
- 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मान्यता अनुसार स्वस्थ नागरिक वनाउन उचित जीवनशैली निर्माणका लागि आयुर्वेद सेवा सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकहरुको लागि आयुर्वेद स्वास्थ्य प्रर्वधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नसर्ने रोगको न्यूनीकरणको लागि योग शिविर सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थालाई प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

४. वन वातावरण विपद व्यवस्थापन तथा भू-संरक्षण नीति

- सामुदायिक वन समूहहरुको सहयोगमा वन संरक्षण, संवर्धन, सदुपयोग र व्यवस्थापनको नीतिलाई निरन्तर अघि वढाइनेछ ।
- सामुदायिक वनमा एन.टि.एफ.पी.कार्यक्रम लागु गर्न सहयोग पु¥याइनेछ ।
- निजी तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरिनेछ । साथै पारिवारिक निजी वनलाई विकास गरी वन पैदावार आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोरखा आर्युवेद कम्पनीसँगको सहकार्यमा सामुदायिक वन तथा निजी वनहरुमा जडिवुटी खेतीलाई विस्तार गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- सामुदायिक वन समूहहरुको सहयोगमा वन डढेलो सम्बन्धी चेतना अभिवृद्धी गर्ने कार्यक्रम तथा डढेलो नियन्त्रणको लागि अग्नी रेखा निर्माणको कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- सरकारी, सामुदायिक तथा निजी वनहरुबाट उत्पादन हुने वन पैदावारहरुको बिक्री वितरण तथा वनश्रोतमा आधारित व्यवसायलाई सहज वनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।
- वन पर्यटनका लागि हरियाली पार्क निर्माण, सिमसार क्षेत्रको संरक्षण, पानीको मुहान संरक्षण नदी तटको उचित व्यवस्थापन नदी कटान क्षेत्रको संरक्षण व्यवस्थापनमा जोड दिइनेछ ।
- वन्यजन्तु संरक्षण, जैविक विविधताको संरक्षण, लोपन्मुख विरुवा र पशुपन्क्षीको संरक्षणमा जोड दिइनेछ ।
- भिरालो तथा खाली र नाङ्गो जमिनहरुमा वृक्षारोपण गरी हरियाली कायम गर्दै भू-क्षय नियन्त्रण गर्ने नीति अपनाइनेछ ।
- नदी किनाराका जमिनहरुलाई नदी कटानबाट रोक्न नदी किनाराहरुमा वृक्षारोपण, चेकड्याम निर्माण तथा अनियमित तरिकाले ढुङ्गा गिटीबालुवा निकाल्ने प्रक्रियालाई नियन्त्रण गरिनेछ ।
- नगरस्तरीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजना मार्फत सम्वन्धित क्षेत्रको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रकोपको कारणले ज्यान गुमाएको परिवारलाई रु.२५,०००।– र घर क्षती भएका परिवारलाई रु.१५,०००।– उपलव्ध गराउदै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जोखिम तथा विपद्मा परेका व्यक्तिलाई तत्काल राहात तथा उद्दारको व्यवस्था मिलाइनेछ ।
- जलवायु परिवर्तन सम्वन्धी राष्ट्रिय अनुकुलन कार्यक्रमलाई स्थानीयकरण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- LDRAM PLAN निर्माण गरिनेछ ।
- दरौंदी नदीमा जल तथा मौषम विभागको सहकार्यमा मौषम पूर्वानुमान प्रणाली जडान गरिनेछ ।
- जलवायु परिवर्तन तथा विपद व्यवस्थापन उत्थानशील कार्ययोजना निर्माण गरिनेछ ।
- खुल्ला क्षेत्रको पहिचान गरिएको ठाउँहरुमा संरक्षण गरी हरियालीको विकास गरिनेछ ।
- विपद पूर्व तयारीको लागि नगर र वडास्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।
- एक वडा एक हेली प्याडको व्यवस्था गर्दै लगिनेछ ।
- नगरपालिकाको सम्भावित ठाउँमा वहुउद्धेशीय पोखरी निर्माण गरिनेछ ।
- नगरपालिकामा विपद न्युनीकरणको लागि भवन आचार संहिता, वस्ती विकास तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७२ लाई कार्यान्वयनमा जोड दिइनेछ ।
- गाेरखा नगरपालिकालाई वातावरणा मैत्री नगरपालिका वनाउनका लागि वातावरण मैत्री लक्षित कार्यक्रमहरू तय गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

५. युवा तथा खेलकुद नीति

- "यो सन्सार युवाहरु कै हो, हुनत हाम्रो पनि हो तर फेरि पनि युवाहरु कै हो" भन्ने मान्यतालाई मध्यनजर गरी विकास निर्माण, आर्थिक उन्नति, व्यावसायिक कृषि उद्योग, उत्पादन सहकारी, क्षमता विकास र सीप ज्ञानको विकास गर्दै समाज रुपान्तरण सहितको परिस्कृत सभ्य रोजगारमूलक, आयमूलक क्षेत्रमा युवा परिचालन गरी युवा शक्ति विदेश पलायन हुनबाट राक्ने नीति लिइनेछ ।
- हाल नगरपालिकाद्वारा सञ्चालन भैरहेको युवा सम्वन्धी क्रियाकलापहरु, खेलकुद र सवै प्रकारका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- नगरभित्र रहेका युवा प्रतिभा खोजी कार्यक्रम ल्याइनेछ ।
- नेपाल सरकारवाट सञ्चालित युवा स्वरोजगार कार्यक्रमलाई सहज र सरल बनाउन पहल गरिनेछ ।
- प्रत्येक वडामा वडा स्तरीय युवा क्लवहरु निर्माण तथा नगर स्तरीय खेलकुद विकास समिति गठन गरी खेल क्षेत्रको विकासको निम्ति अभिप्रेरित गरिनेछ ।
- "एक वडा एक खेल मैदान" निर्माण कार्यक्रमलाई निरन्तरता दिदै खेल मैदान भएको वडामा स्तरोन्नति तथा नभएका वडाहरुमा निर्माण गर्ने नीति लिइनेछ ।
- वडा नं. १०, छेवेटारको खेल मैदानलाई अन्तर्राष्ट्रिय स्तरको वनाउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- नगरस्तरीय युवा परिषदको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुले प्राप्त गरेका ज्ञान सीपलाई उपयोगमा ल्याउने नीति लिइनेछ ।
- युवाद्वारा सञ्चालित व्यक्तिगत तथा सामुहिक फर्महरुलाई अनुदानको व्यवस्था गरिनेछ ।
- हरेक विद्यालयहरुमा खेलमैदानको स्तरोन्नति गरिनुका साथै अन्तर विद्यालय खेलकुद कार्यक्रमको आयोजना गरिनेछ ।
- नगरपालिकामा अन्तर वार्ड स्तरिय खेलहरु सञ्चालन गरिनेछ ।
- संघ र प्रदेशवाट तय भएका युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

६. सामाजिक विकास नीति

- धुम्रपान, मध्यपान, लागुपदार्थ दुव्र्यसन जस्ता सामाजिक विकृतिको नियमन र नियन्त्रणको लागि विभिन्न कार्यक्रमहरु ल्याइनेछ ।
- गोरखा पहिचानको लागि भिमविसे (भिमसेन थापा र विसे नगर्जी) अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जनतासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोरखा प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विभिन्न तालिम प्रतिष्ठानको सहयोगमा साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय विविधतालाई सम्मान पुग्ने विभिन्न जाति, समुदायको भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण गर्दै लगिनेछ ।
- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजनालाई निरन्तरता दिइनेछ ।
- वहुविवाह, वालविवाहलाई निरुत्साहन र नियन्त्रणको लागि विशेष पहल गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दीगो विकास लक्ष्यको स्थानीयकरण योजनालाई कार्यान्वयन गर्दै लगिनेछ ।
- मध्यकालिन खर्च संरचनाको परिपालना गर्ने नीति अवलम्वन गरिनेछ ।
- विपन्न परिवारलाई काजक्रिया खर्च उपलब्ध गराइनेछ ।
- मानसिक रोग र छारे रोग भएका व्यक्तिहरूलाई समेत अपाङ्ग सरहको सेवा सुविधा प्रद्धान गरिनेछ ।

क. महिला विकास नीति

"महिलाको सम्मान सभ्य समाजको पहिचान"

- लैङ्गिक हिंसा, भेदभाव र वहिस्करण अन्त्य गर्न आवश्यक कदम चालिनेछ ।
- महिलाहरुका लागि रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न आयमूलक, सीपमूलक, प्रशिक्षण तालिम कार्यक्रमहरु सञ्चालन एवम् उत्पादित सामानको वजार व्यवस्थापन गरिनेछ ।
- एकल महिलाहरुले भोग्नु परेका सामाजिक तथा आर्थिक कठिनाइहरु कम गर्न सचेतना तथा स्वरोजगार मूलक सीप विकास तालिमको आयोजना गरी रोजगारी सृजना गर्न सहयोग गरिनेछ ।
- सृजनशील महिला र महिला समूहहरुलाई उद्योग तथा व्यवसाय प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ ।
- महिला सशक्तिकरण कार्यक्रम, महिला हिंसा विरुद्धको जनचेतना मूलक जागरण कार्यक्रम, कुरीति, कुप्रथा विरुद्धको कार्यक्रम, मानव वेचविखन तथा यौन हिंसा विरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी सञ्जाल स्थापनाको लागि सहजीकरण गरिनेछ ।
- उप प्रमुख सवल नेतृत्व विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- उद्यमी महिलालाई व्यवसायिक रुपमा रुपान्तरण गर्नको लागि सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ ।
- उद्यमी महिलाहरुको लागि जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत अनुदानको व्यवस्था गरिनेछ ।
- अति विपन्न, असाहाय, अपाङ्गता भएका लगायत उपेक्षित उत्पिडित महिलाहरुलाई विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- घरेलु हिंसा न्यूनीकरणका लागि अभिमुखिकरण कार्यक्रम सबै वडामा सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- नगरपालिकामा सुविधा सम्पन्न सेफ हाउसको निर्माण गरिनेछ ।
- महिला, वालबालिका र पछाडि परेका समुदाय तथा सीमान्तकृत समुदायको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

ख. बालबालिका सम्बन्धी नीति

- वाल अधिकारको तथा वाल सुरक्षाको लागि नगर स्तरिय बाल संरक्षण समिति मार्फत विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहयोगापेक्षी सडक मानव मुक्त गोरखा नगरपालिका भै सकेको परिप्रेक्षमा निरन्तरताको लागि मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।
- गोरखा नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउनको लागि बालमैत्री लक्षित कार्यक्रहरु तय गरिनेछ ।
- शिशु स्याहार केन्द्र (Child Care Center) निर्माण गरी बालबालिकाको खुसी र मनोरञ्जनमा ध्यान पुर्‍याइनेछ ।
- प्रत्येक विद्यालयहरुमा कक्षा ६ सम्म दिवा खाजा तथा बालपोषण कार्यक्रम निरन्तरता गरिनेछ ।
- विद्यालयमा सवै तहका विद्यार्थीको लागि साझेदारीमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- नगरस्तरीय वाल सञ्जाललाई सुदृढीकरण गरिनेछ ।
- नगरपालिकामा रहेको गुरुकुल, मानवसेवा आश्रम, मदर्सा, गुम्वामा रहेका बालबालिकाहरुको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. दलित, जनजाति, सीमान्तकृत, अपाङ्ग सम्बन्धी नीति

- दलित समुदायको हक, हित, संरक्षणको लागि दलित उत्थान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पुराना कला र शिल्पको संरक्षण गरिनेछ ।
- विभिन्न क्षेत्र र समुदायमा रहेका जनजातिको लागि एकीकृत जनजाति विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गहरुको आयआर्जन सीप विकास तथा खेलकुद विकासको विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- 'ग' र 'घ' वर्गको परिचय पत्र प्रास गरेका अपाङ्गता भएका व्यक्तिहरु तथा तिनका परिवारका लागि आय आर्जन एवं उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ. ज्येष्ठ नागरिक सम्वन्धी नीति

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको संस्थागत विकास गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- जेष्ठ नागरिक विश्रामस्थलको निर्माण गरिनेछ ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिकहरुलाई तिर्थाटन कार्यक्रम यथावत गरिनेछ ।

ङ. गैर सरकारी संस्था परिचालन नीति

- नगरपालिका क्षेत्र भित्र गैससलाई क्षमता विकास, सेवा प्रवाह र विकास साझेदारको रुपमा प्रयोग गरिनेछ ।
- गैर सरकारी संस्थालाई लक्षित वर्गसम्म पुग्ने गरी कार्यक्रम सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।
- नगरपालिका भित्र काम गर्ने गैससहरुको संस्थागत विकास गरिनेछ ।

च. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्वन्धी नीति

- नगरपालिकाद्वारा स्वीकृत सामाजिक सुरक्षा सम्वन्धी नीतिले निर्दिष्ट गरेका विषयलाई कार्यान्वयन गर्दै लगिनेछ ।

७. सडक यातायात तथा भौतिक पूर्वाधार विकास नीति

- नगरपालिका स्तरीय यातायात गुरुयोजना तयार गरी सो योजनाले तोकेका सडकहरुलाई स्तर उन्नति गर्ने कार्यलाई वार्षिक योजना तर्जुमा कार्यसँग आवद्ध गरिनेछ ।
- "एक वडा एक स्तरीय सडक" को नीति अनुरुप स्तरीय सडक निर्माण कार्यलाई अगाडि वढानेछ । प्रत्येक वडाको वस्तीहरुलाई सडक सञ्जालले जोडी क्रमशः स्तररोन्नति गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रमा प्राथमिकतामा परी विगत देखिनै क्रमागत रुपमा स्तरोन्नती भैरहेका सडक योजनाहरुको मर्मत संभार तथा थप स्तरोन्नती गर्न वजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- "एक वडा एक गौरव" को आयोजना सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- नयाँ ट्र्याक खोल्ने सडक योजना भन्दा पुराना सडकहरुको स्तरोन्नति गर्ने नीति लिइनेछ ।
- गोरखा नगरपालिकाका सडकहरुलाई मध्य पहाडी लोक मार्गमा जोड्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य शाखाको भवन तथा भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण तथा सार्वजनिक, सामुदायिक भवनहरुको मर्मत सम्भार र अधुरो भवन पूरा गरिनेछ ।
- गोरखा गेटमा पृथ्वीनारायण शाह तथा प्रथम सहिद लखन थापा मगरको प्रतिमा स्थापना गरिनेछ ।
- निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता गर्न गुणस्तर चेकजाँच गर्ने प्रयोगशाला (Quality Testing Lab) स्थापना गर्ने नीति लिइनेछ ।
- हरमटारी खेल मैदान, छेपेटार खेलमैदान लगायत प्रत्येक वडामा खेल मैदानको पूर्वाधारलाई थप व्यवस्थित गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- संघीय खानेपानी आयोजनाको सहयोगमा उच्च भागमा रहेका पानीका श्रोतहरुवाट कृत्रिम पोखरीहरु निर्माण गरी सुन्दरता र रमणीयता सहित पानीको श्रोत वढाउने नीति लिइनेछ ।
- यसभन्दा अघि साना ठूला खानेपानी आयोजनाहरुलाई नगरपालिकावाट दिने गरिएका सेवा सुविधाहरुलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रको फोहोरमैला व्यवस्थापनलाई कुहिने नकुहिने फोहोरलाई 3R विधिमा व्यवस्थापन गरिनेछ ।
- वडा नं. ८ मा रहेको डम्पीङ साइटलाई सरसफाई केन्द्रको रुपमा विकास गरिनेछ ।
- "मेरो फोहर मेरो जिम्मेवारी" भन्ने अवधारणा विकास गराउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निजी क्षेत्रसँगको साझेदारीमा गरिएको फोहोरमैला व्यवस्थापनलाई छलफल गरी थप सुधार र व्यवस्थापन गरिनेछ ।

९. शिक्षा नीति

- ECD र विद्यालय कर्मचारीलाई संघीय अनुदानमा थप न्यूनतम प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।
- नगरपालिका भित्रको शैक्षिक गुणस्तर कायम गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थी संख्याको आधारमा समय सापेक्षरुपमा विद्यालय Merge एवं शिक्षक दरबन्दी मिलान गर्दै लगिनेछ ।
- नगरपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्न १० वर्षे शैक्षिक गुरुयोजना निर्माण गरिनेछ ।
- विद्यार्थीले सिकेका र गरेका कुराहरुको प्रदर्शनको लागि सिकाइ मेला आयोजना गरिनेछ ।
- विषयगत शिक्षकहरुको भेला गरी शिक्षण सिकाई कृयाकलापलाई थप प्रभावकारी बनाईनेछ ।
- "एक विद्यालय एक स्काउट शिक्षक" उत्पादनमा जोड दिइनेछ ।
- संस्थागत विद्यालयहरुले लिने शुल्क तथा पाठ्यपुस्तकको सन्दर्भमा आवश्यकता अनुसार सहजीकरण र नियमन गरिनेछ ।
- सिकाइ उपलव्धीको तथ्याङ्क संकलन गरी सार्वजनिकीकरण गरिनेछ ।
- रुम टु रिड परियोजनालाई थप विद्यालयमा लागु गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यालयलाई पानी, बत्ती साथै परीक्षा सञ्चालनको लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- शिक्षण सिकाइ कार्यमा प्रभावकारीता ल्याउन नियमित अनुगमन, निरीक्षण र पृष्ठपोषण कार्यलाई प्रभावकारी वनाइनेछ ।
- विद्यालयको निश्चित दुरी कायम गरी पत्रु खाना (जंक फुड) विक्री वितरणलाई निरुत्साहित गरिनेछ ।
- सामुदायिक तथा निजी विद्यालयका शिक्षक कर्मचारीको क्षमता विकास गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- विद्यालयलाई प्रविधिमैत्री वनाउन प्रविधि सम्वन्धी ज्ञानको विकास गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विगतमा सञ्चालनमा रहेको नगर प्रमुख छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर पालिकाभित्र विद्यालयको भौतिक संरचना निर्माण, घेरावार एवं अपुग फर्निचरको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- सञ्चालनमा रहेको लघु अनुसन्धान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नमुना वाल विकास केन्द्र स्थापना गरिनेछ ।
- प्रसुती सट्टा शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- केन्द्र र प्रदेश स्तरको नमूना विद्यालयको भवन निर्माण कार्यलाई सम्पन्न गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको व्यवसायिक समूह गठन गरी सीपमूलक कामको लागि प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक सिकाइ केन्द्रको क्षमता विकासको लागि कार्यक्रमहरु उपलब्ध गराइनेछ ।
- पूर्वाधार तयार भएका विद्यालयहरुलाई व्यवसायीक शिक्षा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- एक विद्यालय एक बगैंचा निमार्ण कार्यलाई अगाडि बढाई वातावरण संरक्षण तथा हरियाली विद्यालय अभियान सञ्चालन गरिनेछ ।
- गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम सबै विद्यालयलाई प्रविधि मैत्री विद्यालय बनाउँदै लगिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरुलाई प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आंशिक शिक्षकको लागि साझेदारी गरिनेछ ।
- स्थानीय पाठ्यक्रमलाई उत्पादनसँग जोड्ने नीति लिइनेछ ।
- प्रध्यानाध्यापकहरुको वैठक त्रैमासिक रुपमा नियमित सञ्चालन गरिनेछ ।

१०. आर्थिक तथा राजश्व प्रशासन नीति

- नगरपालिकावाट हुने खर्च प्रत्येक चौमासिक अवधिमा सार्वजनिक गरी खर्च व्यवस्थापनमा एकरुपता ल्याइनेछ ।
- प्रत्येक महिनामा आम्दानी र खर्चको विवरण सार्वजनिक गरी सम्वन्धित निकायलाई जानकारी गराइनेछ ।
- स्थानीय श्रोत साधनको अधिकतम् रुपमा प्रयोग र परिचालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- करदाता मैत्री कर प्रणाली अपनाइनेछ ।
- करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कर प्रणालीलाई सरल र उद्देश्यमूलक वनाउन राजश्व सुधार योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- करका दरहरु पुनरावलोकन गरी करको दायरा वढाउने दर घटाउने सिद्धान्त अवलम्वन गरिनेछ ।
- राजश्व प्रशासनलाई चुस्त दुरुस्त वनाउँदै लगिनेछ ।
- सवै करदाताको सूची निर्माण गरी व्यापारिक प्रतिष्ठानको समन्वयमा कर दाता सञ्चालीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजश्व सुधारको लागि नयाँ राजश्व श्रोतको पहिचानको नीति अवलम्वन गरिनेछ ।
- उद्यम व्यवसाय मैत्री कर प्रणाली लागु गरिनेछ ।
- राजश्व संकलन र परिचालनमा प्रभावकारीताका लागि समय ताेकी विभिन्न समस्याका कारणले कर तिर्न, वुझाउन नसकेका करदाताहरू स्वयम् घोषणामा सहभागी भएमा कर छुट दिने व्यवस्था मिलाइने छ ।

११. सूचना प्रविधि नीति

- नगरपालिकालाई सूचना प्रविधि मैत्री वनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- व्यापारिक तथा अन्य महत्वपूर्ण सार्वजनिक क्षेत्रमा थप सि.सि.क्यामरा जडान गरिनेछ ।
- महत्वपूर्ण सार्वजनिक क्षेत्रमा फ्रि वाइफाइ जोन स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाभित्र निर्माण हुने घरहरुको अभिलेखीकरण विद्युतीय प्रणाली मार्फत सुरु गरिनेछ ।
- नगरपालिकाको वजार क्षेत्रमा पर्यटकीय सूचना केन्द्र स्थापना गरिनेछ ।
- नगरपालिकाको वेवसाइट, फेसवुक पेजलाई थप व्यवस्थित गरिनेछ ।
- गोरखा नगरपालिकाको नगर एप्स वनाइ प्रयोगमा ल्याइनेछ ।
- नगर पार्श्वचित्र निर्माणमा GIS तथा GPS को प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१२. सुशासन तथा संस्थागत मानव संसाधन नीति

- नगरपालिकावाट प्रदान गरिने सवै प्रकारका सेवा प्रवाहलाई प्रभावकारी वनाउँदै सुशासन कायम गरिनेछ ।
- भ्रष्ट्राचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- 'Digital Government' को स्थापनामा जोड दिइनेछ ।
- वेरुजु न्युनीकरण गर्दै लगिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- नगरपालिकालाई मितव्ययी, पारदर्शी, जवाफदेही बनाउँदै लगिनेछ र न्यूनतम लागतमा अधिकतम प्रतिफल प्राप्त गर्ने दिशामा अगाडि बढाइनेछ ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्न त्रिवर्षीय क्षमता विकास योजना निर्माण गरी लागु गरिनेछ ।
- नगरपालिकाको मुख्य द्वारमा सहायता कक्षको स्थापना गरी सेवा प्रवाहलाई सरलीकृत गराईनेछ ।
- नगरपालिकाको प्रशासनिक व्यवस्था सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो चुस्त दुरुस्त विश्वासनीय र प्रभावकारी बनाइनेछ ।
- नगरपालिकासँग सेवा करार सम्झौता गरी निरन्तर कार्यरत जनशक्तिहरुलाई संघीय कानुनले तोके बमोजिम न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ ।
- योजनावद्ध विकासलाई संस्थागत गर्न आवधिक विकास योजना, मध्यकालिन खर्च संरचना र समावेशी विकासको लागि स्थानीय तहको योजना तर्जुमा सम्वन्धी पदाधिकारी, शाखा, उपशाखा र वडाको लागि तालिमको व्यवस्था गरी वार्षिक योजना तर्जुमा कार्यलाई व्यवस्थित गरिनेछ ।
- स्वदेश तथा विदेशका नगरपालिकासँग भएको भगिनी सम्वन्धलाई प्रगाढ बनाउँदै आवश्यकता अनुसार अन्य पालिकाहरुसँग समेत भगिनी सम्वन्ध विस्तार गरिनेछ ।
- आवश्यकता र औचित्यता समेतलाई मध्यनजर गरी नगरपालिका भित्रको अव्यवस्थालाई न्युनीकरण गर्न र जनशक्तिको अभावको कारणले सञ्चालन हुन नसकेको दमकल सञ्चालनमा ल्याउन नगर प्रहरीको व्यवस्था मिलाउँदै लगिनेछ ।

१२. पत्रकारिता तथा सञ्चार नीति

- पत्रकारिता र सञ्चारको विकासमा दिइएको अनुदानलाई निरन्तरता दिइनेछ ।
- निजी तथा सामुदायिक रेडियोलाई दिइएको विद्युत महशुल शुल्कमा ७५ प्रतिशत अनुदानलाई निरन्तरता दिइनेछ ।
- पत्रिका, रेडियोलाई दिइएको सुविधामा अनलाइन पत्रिकालाई पनि समावेश गरिनेछ ।
- पत्रकारको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकावाट जारी गरिने सूचना प्रकाशनमा स्थानीय पत्रिकालाई प्राथमिकता दिइनेछ ।
- पत्रकार महासंघ गोरखा शाखाको निर्माणाधिन भवनको लागि प्राविधिक तथा आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।

१३. मानव अधिकार तथा न्याय निरुपण नीति

- गोरखा नगरपालिकाद्वारा निर्माण गरिएको मानव अधिकार कार्य योजना अनुसार मानव अधिकार संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा,नगरपालिकाको आर्थिक विधेयक , २०७९ स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**गोरखा नगरपालिकाको आर्थिक विधयेक, २०७९**

**गोरखा नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक**

प्रस्तावना : गोरखा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरि संबिधानको धारा २२६ को उपधारा (१) बमोजिम गोरखा नगरपालिकाको नगरसभाले यो अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्वन्धी ऐन बनाई लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम आर्थिक ऐन २०७९ रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि गोरखा नगरपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नले गोरखा नगरपालिकाको आर्थिक ऐन २०७९ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले गोरखा नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले गोरखा नगरपालिका सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले गोरखा नगरपालिकाको सभा सम्झनु पर्दछ।

(ङ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्मलाई सम्झनु पर्दछ।

(च) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका जुनसुकै व्यक्तिलाई सम्झनु पर्दछ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

३. **सम्पत्ति कर :** गोरखा नगपालिकाका क्षेत्रभित्र रहेका घर र घरले चर्चेका जग्गाहरुको अनुसूची (१) वमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

४. **भूमि कर (मालपोत) :** गोरखा नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

५. **घर वहाल कर :** गोरखा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने छ।

६. **व्यवसाय कर :** गोरखा नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। चालु आ.व. को पौष मसान्त भित्रमा कर बुझाएमा १० प्रतिशत छुट गरिनेछ।

७. **जडीवुटी, कवाडी र जिवजन्तु कर :** गोरखा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरीएको जिवजन्तु वाहेकका अन्य मृत वा

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

मारिएका जिवजन्तुहरुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **विज्ञापन कर :** गोरखा नगपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** गोरखा नगपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय, सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

१०. **बहाल विटौरी कर :** गोरखा नगपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विरौटी कर लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गोरखा नगपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **प्याराग्लाइडिङ र –याफ्टीङ्ग शुल्क :** गोरखा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्याराग्लाइडिङ र –याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर :** गोरखा नगरपालिकाले निमार्ण संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भएं अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** गोरखा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **घुमन्ते व्यापारीको कर संकलन :** गोरखा नगरपालिका क्षेत्र वाहिरबाट सवारी साधन वा अन्य माध्यामबाट तरकारी फलफूल खाध्यान्न लत्ता कपडा आदि जस्ता सामाग्रीहरुलाइ नगपालिकाको स्वीकृत वेगर विक्री वितरण गरेमा नियमानुसार सामाग्री जफत गरि मिल्दो शिर्षक बमोजिम कर संकलन गरिनेछ । साथै कर रकमको ५० प्रतिशत जरिवना समेत असूल उपर गरिनेछ ।

१६. **कर छुट सम्बन्धी व्यवस्था:** नगरपालिका क्षेत्र भित्रका करदाताहरुले विभिन्न कारणबाट तोकिएको कर/राजश्व बुझाउन नसकेको अवस्थालाई समेत मध्यनजर गरी यस पूर्वका विभिन्न आ.व. मा घर बाहाल कर दाखिला नगरेकाहरुका लागि यसै आ.व. (२०७९/०८०) मा स्वघोषणा गरी घर बाहाल कर बुझाएमा यस आ.व. अगाडिको सबै कर छुट गरिनेछ । नगरपालिकाबाट अनुगमन गर्दा त्यसरी स्वघोषणा नगरी घर भाडामा लगाइ घर बाहाल कर छलि गरेको पाइएमा घरभाडा लगाएकै मिति देखिको घर बाहाल कर एवं वार्षिक १० प्रतिशतका दरले जरिवाना समेत थप गरी असुल उपर गरिनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गोरखा नगरपालिकाले तोके अनुसार हुनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, नगरपालिकाको विनियोजन विधेयक , २०७९ स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**गोरखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,गोरखा**

**विनियोजन विधेयक, २०७९**

**गोरखा नगरपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक**

प्रस्तावना: गोरखा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (१) र (२) बमोजिम गोरखा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गोरखा नगरपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गोरखा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त जम्मा रकम रु ९४,०६,६०,५०० ।– (अक्षेरुपी रुपैया चौरानब्बे करोड छ लाख साठी हजार पाँच सय मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम अनुसुची (१) मा उल्लेख भए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त गोरखा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गोरखा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गोरखा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

अनुसूचि –१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम (रु हजारमा)

| क्र.सं. | दान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, आ.ब. २०७९/०८० को लागि वडाबाट छनौट हुने योजनाहरुको लागि रु १ करोडको वजेट सिलिङ्ग तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा, यस नगरपालिकाले हाल सम्म गरेका कार्य पालिकाका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको आ.ब. २०७८/०७९ मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई फरफारक गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

प्रस्ताव नं. ८ उपर छलफल गर्दा, नगरपालिका तथा वडा कार्यालयले सञ्चालन गर्ने विभिन्न निर्माणका योजनाहरुमा आवश्यकता बमोजिम परिवर्तन हुन सक्ने हुँदा वडास्तरीय योजनाहरुको हकमा नगर प्रमुखवाट र नगरस्तरीय योजनाको हकमा नगर कार्यपालिकावाट योजना परिवर्नन गर्ने गरी अधिकार प्रत्यायोजनको प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा, वडा न.१३ र १४ को वडा कार्यालय भवन निर्माण गर्न उपलव्ध गराइएको जग्गाको फायल माथि उक्त वडाका नयाँ वडा अध्यक्षहरुले वडा कार्यालय भवन वनाउन जग्गा उचित रहे नरहेको अनुसन्धान गरी राय पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा, यस नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आ.व. २०७९/०८० को तलवी प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा, यस नगरपालिकाकावाट प्रदान गर्ने सेवालाई छिटो ,छरितो ,चुस्त ,दुरुस्त रुपमा लैजान तथा नीति तथा कार्यक्रम र योजनालाई समयमानै सम्पन्न गर्न कर्मचारीको महत्वपूर्ण भूमीका रहने भएकाले सो को लागि कार्यालय समयमा मात्र काम गरेर मात्र उक्त कार्य गर्न सम्भव नहुने देखिएको हुँदा अतिरिक्त समय समेत काममा लगाई कर्मचारीहरुलाई प्रोत्साहन उपलब्ध गराउन शुसासन समितिको निर्णयलाई समेत मध्ये नजर गर्दै प्रमुख प्रशासकीय अधिकृतले प्रोत्साहन को खाका तयार गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा, आ.व. २०७७/०७८ को न्यायिक समितिको तपसिलको वार्षिक प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | विवरण | उजुरी दर्ता संख्या | मिलापत्र भएको | निरुपण गरिएको | सहमति कायम भएको | प्रक्रियमा रहेको | अन्यत्र पठाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी सरेको उजुरी संख्या | १८ | | १३ | २ | २ | १ | जि.अदालत |
| १ | जग्गा भोगचलन सम्बन्धी | १२ | ५ | २ | २ | ४ | १ | सर्बोच्च अ. उत्प्रेषण |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जारी |
| २ | घरभाडा तथा लेनदेन | २ | | १ | १ | | | |
| ३ | रकम लेनदेन सम्बन्धमा | ७ | ५ | २ | | | | |
| ४ | लालनपालन खर्च भराई पाऊँ (घरेलु हिंसा) | ५ | २ | १ | | १ | १ | जि.अ |
| ५ | नाता कायम | १ | | | १ | | | |
| ६ | निर्माण कार्य रोक्का | १ | | १ | | | | |
| ७ | विविध (मो.वा.ट्र्याक, विमा रकम, कुखुरा फर्म हटाउने) | ४ | | १ | | ३ | | |
| ८ | कुटपिट | १ | | | | | १ | जि.प्रहरी |
| | यस आ.व.को जम्मा | ३३ | १२ | ८ | ४ | ८ | ४ | |

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, यस न.पा.बाट निर्माण भएका क्षमता विकास योजना र जे.सी.रणनीतिलाई कार्यान्वन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, निम्न अनुसारको लेखा समिति गठन गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

लेखा समिति :

१ संयोजक श्री सितल काजी मास्के

२ सदस्य : श्री अप्सरा रेग्मी

३ सदस्य : श्री रन्जिला श्रेष्ठ

४ सदस्य : श्री राम बहादुर रम्तेल

५ सदस्य सचिव : आर्थिक प्रशासन शाखा प्रमुख

निर्णय नं. १५

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

अनुसूची १

गोरखानगरपालिका

दशौंनगर सभा

कार्य सूची र समय तालिका

स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५को दफा ८ अनुसार

बैठक संख्या : १ बैठक स्थान : नगरपालिकाको सभाहल

अध्यक्षता : नगर प्रमुख श्री कृष्ण वहादुर राना मगर

| मिति | वैठक वस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| | विहान ११वजे | नीति तथा कार्यक्रम प्रस्तुत | कृष्ण वहादुर राना मगर | |
| २०७९।३।१० | १२.०५ वजे | गोरखा नगरपालिकाको विनियोजन विधेयक, २०७९<br>गोरखा नगरपालिकाको आर्थिक विधेयक, २०७९ | कृष्ण वहादुर राना मगर | |
| | १.०० वजे | गोरखा नगरपालिकाको आ.व.२०७९।०८० को वजेट वक्तव्य | कृष्ण वहादुर राना मगर | |
| | १.४५ वजे | न्यायीक,विधायन , लेखा समिति गठन | कृष्ण वहादुर राना मगर | |
| | २.०० वजे | न्यायीक समितिको प्रतिवेदन | कृष्ण वहादुर राना मगर | |
| | २.३० वजे | सभाध्यक्षवाट धन्यवाद मन्तव्य सहित दशौ नगर सभा अन्त्य भएको घोषणा | कृष्ण वहादुर राना मगर | |

निर्णय नं. १८ प्रस्ताव नं. १८ उपर छलफल गर्दा, यस गोरखा नगरपालिकावाट संचालन हुने पूर्वाधार तर्फका उपभोक्ता समितिवाट संचालन हुने योजनाहरुको हकमा यस अघि न्यूनतम लागत सहभागिता विकास अनुदान रकमको २० प्रतिशत उपभोक्ता समितिवाट व्यहोर्नु पर्ने प्राव्धान रहेकोमा आ.व.०७९।०८० देखि सम्पूर्ण उपभोक्ता समितिवाट संचालन हुने योजनाहरुको लागत सहभागिता न्यूनतम १० प्रतिशत कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ प्रस्ताव नं. १९ उपर छलफल गर्दा,यस गोरखा नगरपालिका वडा नं. १४ मा रहेको देउराली स्वास्थ्य चौकी भवनको जग्गा खार्ने योजनमा लगत सहभागिता जुटन नसक्ने देखिएको हुदाँ उक्त योजनामा लगत सहभागिता (२० प्रतिशत) नराख्ने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

निर्णय नं. २० प्रस्ताव नं. २० उपर छलफल गर्दा, यस न.पा.को कार्य संचालनको लागि विभिन्न शिर्षकममा रकम नपुग भएकोले तपशिल वमोजिमको शिर्षकहरुवाट नपुग रकमका शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल :

**घटाउने रकमको शिर्षकहरु** :

करार सेवा शुल्कबाट रु ८ लाख

कर्मचारी पारिश्रमिकबाट रु ८ लाख २० हजार

वैदेशिक सहयोग अनुदान रु १ लाख ३० हजार

घरभाडा रु २ लाख

सफ्टवेयर संचालन तथा नविकरण रु २ लाख

फिल्ड भत्ता रु ५ लाख

खेल सामाग्री खरिद रु ४ लाख

**जम्मा ३० लाख ५० हजार**

**थप गर्नु पर्ने रकमका शिर्षकहरु**

ईन्धन रु ७ लाख

विविध रु ३ लाख

मसलन्द तथा कार्यालय समाग्री रु १० लाख

भ्रमण खर्च रु ३ लाख

सवारी साधन मर्मत रु ६ लाख

पत्रपत्रिका तथा सूचना प्रकाशन रु १ लाख ५० हजार

**जम्मा रु ३० लाख ५० हजार**

निर्णय नं. २१

प्रस्ताव नं. २१ उपर छलफल गर्दा , गो.न.पा. ४ रंजिता श्रीमहलको घर अगाडिको पहिरो नियन्त्रणको लागि यस न.पा.कार्यालयमा रहेको विपद व्यवस्थापन कोषमा रहेको रकम मध्येवाट रु २ लाख भुक्तानी दिन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ उपर छलफल गर्दा , गो.न.पा. ४ वडा कार्यालय दारिम डाडा खेलकुद मैदान देखि ज्यादुल सडक खण्ड अर्न्तरगत पर्ने सड्क वर्षादले क्षती पु-याई वडा कार्यालय सम्म आउन जान नसक्ने भई मर्मत गरिएकोमा यस न.पा.कार्यालयमा रहेको विपद व्यवस्थापन कोषमा रहेको रकम मध्येवाट रु २ लाख भुक्तानी दिन सिफारिस गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. २३

Scanned with CamScanner